आजमिति २०७४ साल भाद्र ५ गतेका दिन यस रुखमारानी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक (बैठक नं. ६ ) यस गाउँपालिकाको अध्यक्ष श्री भुग बहादुर विश्वकर्मा अध्यक्षतामा बैठक बसी तपसिल बोजिम निर्णय गरियो ।

तपसिल

| | | | |
|---|---|---|---|
| १. श्री भुग बहादुर विश्वकर्मा | अध्यक्ष | | |
| २. श्री मिना कुमारी सोमै | उपाध्यक्ष | | |
| ३. श्री शारदा रजौरे | कार्यकारी अधिकृत | | |
| ४. श्री बसन्त बहादुर जि.सी. | वडा अध्यक्ष | | २ नं. वडा |
| ५. श्री चित्र बहादुर सोमै | " | " | ४ नं. वडा |
| ६. श्री भिम बहादुर मसाङ्गी | " | " | ३ नं. " |
| ७. श्री तुल बहादुर रोका मगर | " | " | ६ नं. " |
| ८. श्री मुकन्दराम थापा | " | " | १ नं. " |
| ९. श्री सन्त बहादुर बराल मगर | " | " | ५ नं. " |
| १०. श्री मोहम्मद हलिम हलुवाई | गाउँकार्यपालिका सदस्य | | |
| ११. श्री रुक प्रसाद सुनार | " | " | " |
| १२. श्री शुशिला के.सी. | " | " | " |
| १३. श्री चन्द्रीमा थापा | " | " | " |
| १४. श्री जिवा सुनार | " | " | " |
| १५. श्री खिमा सुवेदी | " | " | " |
| १६. श्री शान्तराज गौतम | नायबसुब्बा | | |

आमन्त्रीत

श्री दिपक कोइराला सहलेखापाल

श्री सुखदेव गौतम सहयोगी

~~धनबहादुर खत्री~~ "

प्रस्तावहरु

१. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

२. एकिकृत कर व्यवस्थापन सम्बन्धमा ।

३. प्राविधिक कर्मचारी माग गर्ने सम्बन्धमा ।

४. वातावरण तथा विपद व्यवस्थापन समिति परिवर्तन सम्बन्धमा ।

५. उपभोक्ता समिति गठन गर्ने प्रबन्धमा ।

६. बालविकास सञ्चालनको लागि अनुमति दिने सम्बन्धमा ।

सरस्वतीमारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...
५ नं. प्रदेश, नेपाल
२०७३

भगत बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

निर्णयहरु

१. प्रस्ताव नं. १माथि छलफल गर्दा यस सरस्वतीमारानी गाउँपालिका अन्तर्गत वडा नं. ४ र ५ साविक दुईगढी गाविसमा कार्यरत कार्यालय सहायक सावित्रा के०सी० र प्राविधिक सहायक कुमारी सोमैलाई मिति २०७४ साल श्रावण ५ गतेको निर्णय कार्यालयबाट आलोपालो रुपमा ४ र ५ वडामा खटाउने निर्णय बमोजिम प्रा०स० कुमारी सोमैले १ महिनाको पालो पुरा गरेको र अब मात्र महिनाको पालो कार्यालय सहायक सावित्रा के०सी०को भएको हुँदा निज सावित्रा के०सी० लाई वडा नं. ५मा खटाउने निर्णय गरियो ।

२. प्रस्ताव नं. २माथि छलफल गर्दा यस सरस्वतीमारानी गाउँपालिकाको प्रथम गाउँसभाले पारित गरेको एकिकृत सम्पतिकर लागु गर्न विषयका वस्तुगत, वैज्ञानिक तथा सुदृढ गर्न सर्वप्रथम जनप्रतिनीधि र कर्मचारीहरुलाई अभिमुखिकरण कार्यक्रम गर्ने, त्यसपछि गाउँपालिका स्तरिय व्यापारी, बुद्धिजिवि, समाजसेवीहरु संग अभिमुखिकरण तथा छलफल गर्ने र वडा स्तरमा पनि सरोकारवालाहरु संग अभिमुखिकरण गरी एकिकृत सम्पतिकर लागु गर्न वातावरण निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३माथि छलफल गर्दा यस सरस्वतीमारानी गाउँपाको प्रथम गाउँसभाले योजना तथा कार्यक्रम अनुमोदन गरि सकेको हुँदा गाउँसभाले पारित गरेका योजना कार्यान्वयन गर्न इन्जीनियर र सबइन्जिनियर आवश्यक पर्ने देखिएकोले यस गाउँ गाउँपालिकामा रिक्त रहेको दरबन्दीमा छिटो भन्दा छिटो कर्मचारी पदपुर्ति गरिदिनुहुन लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४माथि छलफल गर्दा यस सरस्वतीमारानी गाउँपालिकाको बैठक नं. २ को निर्णय नं. ४ को (४) अनुसार (वातावरण तथा विपद व्यवस्थापन समितीको संयोजक बसन्त बहादुर जि०सी० गाउँपालिकाको प्रवक्ता, वडाअध्यक्ष र आर्थिक विकास समितीको संयोजक समेत भएकोले उहाँको व्यस्तताको कारण आजको बैठकबाट समिती संयोजक मोहम्मद हलिम हलुवर्लाई बनाउने गरी सर्वसम्मती निर्णय गरियो ।

भगत बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस सरुमारानी गा०पा०को प्रथम सभाले मंजुर, नीति तथा कार्यक्रम अनुमोदन गरी सकेको हुँदा योजना तथा कार्यक्रम कार्यान्वयन गर्न उपभोक्ता समिति गठन गर्नुपर्ने आवश्यक देखिएकोले आजका मिति देखि २०७४ साल आश्विन मसान्त भित्र गठन गरी वडामा सूचना प्रवाह गर्न र पठाउने निर्णय सर्वसम्मत निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका वडा नं. ३ को बाङ्गेवेशी मा रहेको संगम प्रा०वि० मा बाल विकास कक्षा संचालनको लागि अनुमति दिने निर्णय गरियो।